# आ.व. २०८२/०८३ का लागि लिखुपिके गाउँपालिकाको पन्ध्रौँ गाउँभसा अधिवेशनमा गाउँपालिका उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक ङ्वाङ ल्हाक्पा शेर्पाले पेश गर्नु भएको

# बजेट बक्तव्य

२०८२/०३/०९

लिखुपिके गाउँपालिका

चौँलाखर्क, सोलुखुम्बु

# बजेट बक्तव्य

**सभाध्यक्ष ज्यू,**

यस गाउँपालिकाको **बजेट तथा कार्यक्रम तर्जुमा** समितिको संयोजकको हैसियतले आ.व. २०८२/०८३ को आय व्यय विवरण (बजेट) प्रस्तुत गर्न चाहन्छु ।

१. यस अवसरमा म राष्ट्रिय स्वाधिनताको रक्षा र सङ्घीय गणतन्त्र निर्माणसम्म आउँदा राष्ट्रको लागि बलिदान दिनुहुने सबै महान् शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

२. **"कृषी, पर्यटन, उर्जा र पूर्वाधार, लिखुपिके विकासको मूल आधार"**को अभियान पूरा गर्नका लागि अहोरात्र खटिने सबै राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधि एवम् सबै लिखुपिकेवासी नागरिकप्रति आभार व्यक्त गर्दछु ।

३. संविधानको मुख्य मर्म वित्तीय सङ्घीयता अन्तर्गत आन्तरिक श्रोत सङ्कलन र परिचालन हो तर सङ्कलित राजश्वको अवस्था हेर्दा न्यून रुपमा आन्तरिक आय सङ्कलन भएको देखिन्छ । नागरिकहरुले तिरेको करबाट नै सबल र सक्षम स्थानीय तह निर्माण हुने हो । अतः सम्पूर्ण लिखुपिकेवासी नागरिकहरुमा तोकिएको समयमा आफूले तिर्नु पर्ने करहरु समयमा नै तिरिदिनु हुन सादर अनुरोध गर्दछु । यहाँहरुले तिरेको करको सही र समुचित सदुपयोग गरि लिखुपिके गाउँपालिकालाई समृद्ध बनाउने कार्यमा सदैब लाग्न हामी प्रतिवद्ध छौं ।

४. लिखुपिके गाउँपालिकाको सम्पूर्ण विकासको लागि **"कृषी, पर्यटन, उर्जा र पूर्वाधार, लिखुपिके विकासको मूल आधार"** भन्ने मूल नाराअनुसार आवधिक योजना अद्यावधिक गरी स्थानीय आवश्यकतालाई सम्बोधन गर्नु हाम्रो कर्तव्य हो । नागरिकहरुको विकासप्रतिको सकारात्मक सोँच र चाहना, स्थानीय आवश्यकता पहिचान, सामाजिक, आर्थिक र विकासात्मक गतिविधिलाई नागरिकमैत्री बनाउनु पर्ने आवश्यकताअनुरुप सङ्घीय सरकार र प्रदेश सरकारबाट सन्चालन हुने कार्यक्रमलाई एकरुपता दिने प्रयास गरिएको छ ।

५. यस अवधिमा प्रदेश सरकार र सङ्घीय सरकारबाट प्राप्त हुने बजेट र स्थानीय आयबाट प्राप्त हुने बजेटको संयोजन गरेका छौं । स्थानीय माग र आवश्यकता धेरै छन् र सबै क्षेत्रलाई समेटेर बजेट निर्माण गरी सम्बोधन गर्नु चुनौतीपूर्ण अवस्था हो । तथापि उपलब्ध श्रोत र साधनको समुचित बाँडफाँडको लागि विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको माध्यमबाट आर्थिक तथा सामाजिक पूर्वाधार विकासका क्षेत्रमा श्रोत र साधनलाई केन्द्रित गरिएको छ ।

**सभाध्यक्ष ज्यू,**

आगामी अ.ब. २०८२/०८३ का लागि नीति तथा कार्यक्रमले तय गरेका कार्यक्रमहरुलाई पूरा गर्नका लागि बजेट बिवरण प्रस्तुत गर्न चाहन्छु-

**सभाध्यक्ष ज्यू,**

आगामी अ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटको सोँच, लक्ष्य र प्राथमिकता तथा बार्षिक बजेट तयार गर्दा अपनाईएका आधारहरुको बारेमा उल्लेख गर्न चाहन्छु ।

१. **सोँच-** कृषी, पर्यटन, उर्जा र पूर्बाधार, लिखुपिके बिकासको मूल आधार

२. **लक्ष्य-** नेपालको संविधान र स्थानीय सरकार सञ्चालन एनको मर्मअनुसार स्थानीय नागरिकलाई श्रोत साधन र अधिकार सम्पन्न बनाई नागरिकले शासन गरेको अनुभूत हुने गरी सेवा प्रवाहमा गुणात्मक सुधार गरी नमूना गाउँपालिका बनाउने ।

३. **उद्देश्य र प्राथमिकता-**

(क) दिगो विकासका लक्ष्य हासिल गर्न सामाजिक, आर्थिक पूर्वाधारका कार्यक्रममा लगानी गर्ने

(ख) विकासका सबै पक्षाधरहरुसँगको समन्वयात्मक सहकार्यबाट **कृषी, पर्यटन, उर्जा र पूर्वाधार, लिखुपिके विकासको मूल आधार** को मूल नारालाई साकार पार्न सहकार्य गर्ने

(ग) स्थानीय सरकारको रुपमा स्थापिक गर्न नागरिकलाई प्रदान गरिने सबै प्रकारका सेवाहरु बिना झन्झट सहज र सरल रुपमा प्रवाहको व्यवस्था मिलाउने

(घ) सुशासनका सबै मापदण्डहरुलाई पालना गर्दै सबैभन्दा नजिकको स्थानीय सरकारको रुपमा रहेको अनुभूती दिने ।

**बजेटका उद्देश्यहरु हासिल गर्न देहाय वमोजिम प्राथमिकता निर्धारण गरेको छु-**

(क) कृषी क्षेत्रको विकासमार्फत् उत्पादनशील रोजगारी सृजना गर्नका लागि सङ्घ, प्रदेश, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र सहकारी क्षेत्रसँगको साझेदारीमा जोड दिने ।

(ख) सबै प्रकारका विभेद अन्त्य, असमानता न्यूनीकरण र सामाजिक न्यायका मान्य सिद्धान्तका आधारमा विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच वृद्धि गर्ने ।

(ग) लैङ्गिक अल्पसङ्ख्यकहरुलाई स्वरोजगार बनाउनका लागि उनीहरुको सीप तथा दक्षतामा अभिवृद्धि गर्ने ।

(घ) गाउँपालिकको सेवा प्रवाहलाई आधिनक प्रविधिमैत्री बनाई सेवा प्रवाहमा सबै नागरिकको सुशासनको प्रत्याभूति गराउने ।

गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरुलाई आधार लिइएको छ-

(क) नेपालको संविधान
(ख) स्थानीय सरकार सञ्चालन एन, २०७४
(ग) सोह्रौं योजना
(घ) सङ्घीय सरकार र प्रदेश सरकारको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट
(ङ) अन्तरसरकारी वित्त व्यवस्थापन एन, २०७४
(च) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
(छ) लिखुपिके गाउँपालिकाको आवधिक विकास योजना
(ज) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन
(झ) नेपाल सरकारले अन्तराष्ट्यि मञ्चमा गरेका दिगो विकासका लक्ष्यहरु
(ञ) राजश्व परामर्श समितिको प्रतिवेदन
(ट) बजेट सीमा निर्धारण समितिको निर्णय
(ठ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकको निर्णय
(ड) कार्यपालिका बैठकको निर्णय
(ढ) गाउँसभा बैठकले पारित गरेको नीति तथा कार्यक्रम

**सभाध्यक्ष ज्यू,**

अव म यस सभासमक्ष आगामी आ.व. २०८२/०८३ को लागि राजश्व र व्ययको अनुमान (बजेट) पेश गर्ने अनुमती चाहन्छु-

| आ.व.२०८२/८३ को अनुमानित कुल आय व्यय विवरण | | | |
|---|---|---|---|
| क.सं. | स्रोत | प्राप्त अनुमान | |
| १ | समानिकरण अनुदान संघ | ७०८००००० | ७ करोड ८ लाख |
| २ | समानिकरण प्रदेश | ५९४६००० | ५९ लाख ४६ हजार |
| | जम्मा समानिकरण संघ प्रदेश | ७६७४६००० | ७ करोड ६७ लाख ४६ हजार |
| ३ | राजश्व बाँडफाँड संघ | ६०९०६३०० | ६ करोड ९ लाख ६ हजार ३ सय |
| ४ | सवारी कर प्रदेश सरकार | ३६९६००० | ३६ लाख ९६ हजार |
| | जम्मा राजश्व बाँडफाँड संघ प्रदेश | ६४६०२३०० | ६ करोड ४६ लाख २ हजार ३ सय |
| ५ | संघीय सशर्त | १०३०००००० | १० करोड ३० लाख |
| ६ | प्रदेश सशर्त | ६६८७००० | ६६ लाख ८७ हजार |
| | **जम्मा शशर्त संघ प्रदेश** | १०९६८७००० | १० करोड ९६ लाख ८७ हजार |
| ८ | संघीय समपुरक | | |
| क | लिखु खोला लाम्माने सडक स्तरोन्ती (क्रमागत) | १८०००००० | १ करोड ८० लाख |
| ख | पिके पिक टुरिजम आयोजना निर्माण | ८३००००० | ८३ लाख |
| | जम्मा संघ प्रदेश सशर्त समपुरक र विशेष | २६३००००० | २ करोड ६३ लाख |
| ८ | संघिय विशेष अनुदान | | |
| क | विपन्न सिमान्तकृत थामी समुदायका लागि थामी समुदायको लागि नमुना आवास निर्माइ | ६५००००० | |
| | **जम्मा** | ६५००००० | ६५ लाख |
| श | प्रदेश समपुरक | | |
| क | राइ्दा-जोलाखु बुद्ध मा वि सडक स्तरोन्ती | १००००००० | १ करोड |
| ख | मैली बुद्ध मा वि काफ्लेचदर सडक स्तरवन्नती | ६०००००० | ६० लाख |
| | **जम्मा** | १६०००००० | १ करोड ६० लाख |
| | आन्तरिक आय | | |
| | अनुमानित बन्तरिक आय | ३०००००० | ३० लाख |
| | गत वर्षको बैंक मौज्दात | ० | |
| | **जम्मा** | ३०००००० | |
| | **कुल आय** | ३०२८३५३०० | ३० करोड २८ लाख ३५ हजार ३ सय |